नेपाल सरकार

# विज्ञापन बोर्ड

## लोककल्याणकारी विज्ञापन प्रसारणको लागी आवेदन दिने सम्बन्धी जरुरी सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०८०।०८।०६)

नेपाल सरकारबाट उपलब्ध गराइने लोककल्याणकारी विज्ञापन प्रसारण गर्न इच्छुक टेलिभिजन (भू-उपग्रह, भू-सतही, केवल) र रेडियो तथा एफ.एम. रेडियोहरुले यस बोर्डको अनलाइन प्रणालीमार्फत आवेदन गर्न मिति २०८०।०६।२१ गते सूचना प्रकाशन गरिएकोमा उक्त अवधिमा आवेदन दिई स्वीकृत भएका रेडियो तथा टेलिभिजनहरुको सूची बोर्डको वेब साइटमा राखिएको छ। आवेदन माग गरिएको समयमा दशैं एवं तिहारको लामो बिदा परेकाले धेरै टेलिभिजन तथा रेडियोहरुले लोककल्याणकारी विज्ञापनको लागी आवेदन गर्न नभ्याएको भनि म्याद थपको लागी सरोकारवाला संस्थाबाट अनुरोध समेत भएको र सूचीमा नपरेका रेडियो तथा टेलिभिजनहरुलाई २०८० मंसिर मसान्त सम्ममा तपशिल बमोजिम आवेदन गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छः

तपशिलः

१. लोककल्याणकारी विज्ञापन प्रसारण गर्न चाहने विद्युतीय सञ्चारमाध्यमले विज्ञापन बोर्डमा आफ्नो सञ्चारमाध्यम सूचीकरण तथा नवीकरण गर्नुपर्नेछ। सूचीकरण तथा नवीकरण भए पश्चात मात्रै लोककल्याणकारी विज्ञापन प्रसारणको लागि आवेदन दिन सकिनेछ।

२. सञ्चारमाध्यमको सूचीकरण तथा नवीकरण गर्दा बोर्डको वेबसाइट adboard.gov.np को AMS वा ams.adboard.gov.np मा Login गरी आवश्यक विवरण प्रविष्ट गर्नुपर्नेछ साथै विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रसारण सम्बन्धी मापदण्ड, २०७८ (पहिलो संशोधन सहित) को दफा ७ (२) बमोजिमका कागजातहरु समेत संलग्न गर्नुपर्नेछ।

३. गत आर्थिक वर्षमा विज्ञापन बोर्डमा सूचीकरण भईसकेका विद्युतीय सञ्चारमाध्यमले समेत अद्यावधिक कागजातहरु प्रविष्ट गरी अनलाइनमार्फत चालु आर्थिक वर्षको लागि नवीकरण गर्नुपर्नेछ।

४. सञ्चारमाध्यमको सूचीकरण तथा नवीकरण स्वीकृत भए पश्चात मापदण्डको दफा ८ बमोजिमका शर्तहरु पूरा गरेका विद्युतीय सञ्चारमाध्यमले लोककल्याणकारी विज्ञापन प्रसारणको लागि पुनः बोर्डको वेबसाइट ams.adboard.gov.np मा Login गरी मापदण्डको अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ।

५. सञ्चारमाध्यमको सूचीकरण/नवीकरण एवं लोककल्याणकारी विज्ञापन प्रसारणको लागि आवेदन प्रक्रिया पुरा नगरेका रेडियो तथा टेलिभिजनलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराईने छैन।

यस सम्बन्धी विस्तृत जानकारीको लागि विज्ञापन बोर्डको इमेल info@adboard.gov.np वा ०१-५९०९३४४ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

**नोट-** लोककल्याणकारी विज्ञापनको आवेदन प्रक्रिया पुरा गरेका सञ्चारमाध्यमहरुको सूची बोर्डको वेबसाइट adboard.gov.np मा प्रकाशन हुने भएकाले आवेदन स्वीकृत भए नभएको एकिन गर्नु हुन अनुरोध छ।

०८०/०८/०६

(अंजली केशरी)
कम्प्युटर ईन्जिनियर